सधै र सबैको लागि खबर खोज्ने अभियान

# खबर दर्पण

Khabar Darpan National Daily

राष्ट्रिय दैनिक

विज्ञापन गराउन सम्पर्क गर्नुहोस्।

यस खबर दर्पण दैनिक पत्रिकामा आफ्नो पसल, व्यापारिक प्रतिष्ठान, उद्योग, संघ संस्था, लगायतको प्रचार प्रसारको लागि अवश्य सम्पर्क गर्नुहोस्।

सम्पर्क नं. : ९८४४०२५१८४, ९८०७६७५१२५, ९८५४०२९०५३, ९८०७८५०५८१, ९८६३६३२९८९

♦ वर्ष ८ ♦ अंक २० ♦ २०८१ साल साउन ३२ गते शुक्रवार ♦ 16 Aug 2024 ♦ पृष्ठ ४ ♦ मुल्य रु. ५ www.shirishnews.com

## पेट्रोल, डिजल र मट्टीतेलको भाउ घट्यो

**खबर दर्पण समाचारदाता**

**साउन ३१ गते, बर्दिवास**

नेपाल आयल निगमले पेट्रोल, डिजल र मट्टीतेलको भाउ घटाएको छ ।

बिहीबार साँझ बसेको आयल निगम सञ्चालक समितिको बैठकले पेट्रोलमा प्रतिलिटर ५ र डिजल तथा मट्टीतेलमा प्रतिलिटर ३ रुपैयाँ घटाएको हो । घटेको मूल्य बिहीबार राति १२ बजेदेखि लागू हुनेछ । घटेको मूल्य अनुसार चारआली, विराटनगर, जनकपुर, अमलेखगञ्ज, भलबारी, नेपालगञ्ज, धनगढी र वीरगञ्ज क्षेत्रमा पेट्रोल प्रतिलिटर १६२, डिजल र मट्टीतेल १५२ रुपैयाँ कायम भएको छ ।

त्यस्तै सुर्खेत र दाङ क्षेत्रमा पेट्रोल प्रतिलिटर १६४, डिजल तथा मट्टीतेल १५४ रुपैयाँ कायम भएको छ ।

काठमाडौं, पोखरा र दिपायल क्षेत्रमा पेट्रोल प्रतिलिटर १६५ रुपैयाँ र डिजल तथा मट्टीतेल १५५ रुपैयाँ कायम भएको निगमले एक सूचना मार्फत जानकारी दिएको छ ।

## धनुषाको ढल्केबरबाट महोत्तरीको लोहारपट्टीसम्मको १३२ केभी डबल सर्किट प्रसारण लाइन निर्माण सम्पन्न



**खबर दर्पण समाचारदाता**

**साउन ३१ गते, बर्दिवास**

धनुषाको ढल्केबरबाट महोत्तरीको लोहारपट्टीसम्मको १३२ केभी डबल सर्किट प्रसारण लाइन निर्माण सम्पन्न भएको छ।

ढल्केबर-लोहारपट्टी प्रसारण लाइन र लोहारपट्टी १३२ केभी सबस्टेसन निर्माण सम्पन्न गरी बुधबारबाट सञ्चालनमा (चार्ज) ल्याइएको छ ।

धनुषा र महोत्तरीको विद्युत् आपूर्ति प्रणाली सुधार, बढ्दो विद्युत् माग व्यवस्थापन र विद्युत् आपूर्तिलाई भरपर्दो तथा गुणस्तरीय बनाउन सरकार र नेपाल विद्युत प्राधिकरणको करिब एक अर्ब १३ करोड रुपियाँ लगानीमा आयोजना निर्माण गरिएको हो ।

डबल सर्किट प्रसारण लाइनको लम्बाइ २३ किलोमिटर छ । प्रसारण लाइनका लागि ९१ वटा टावर निर्माण गरिएका छन् । सबस्टेसनमा १३२/३३ केभी, ३० एमभिए क्षमताका दुईथान पावर ट्रान्सफर्मर थान र १३२/११ केभी, २२.५ एमभिए क्षमताको एक थान ट्रान्सफर्मर छन् । समग्रमा सबस्टेसनको क्षमता ८२.५ एमभिए छ ।

सबस्टेसनबाट विद्युत् आपूर्ति सुरु भएपछि मुख्य रुपमा जनकपुर, जलेश्वर, गौशाला र यदुकुवा वितरण केन्द्रअन्तर्गतका करिब डेढ लाख ग्राहक लाभान्वित हुने छन् । अब त्यस क्षेत्रको चुहावट कम हुने, न्यून भोल्टेज तथा छिनछिनमा विद्युत् विच्छेद ( ट्रिपिङ) लगायतका समस्या समाधान भई समग्रमा विद्युत् आपूर्ति पर्याप्त, भरपर्दो र गुणस्तरीय हुने प्राधिकरण मधेश प्रादेशिक कार्यालयका निर्देशक मुनिन्द्र ठाकुरले बताउनुभयो । यसअघि उक्त क्षेत्रमा ढल्केबर बाट जनकपुरको मुजलिया हुँदै विद्युत् आपूर्ति हुँदै आएको थियो । लाइन लामो र क्षमताले नधान्दा न्यून भोल्टेज, ट्रिपिङलगायतका समस्या थिए । स्थानीय रुपमा विद्युत आपूर्तिका लागि ३३ केभीका चार वटा फिडर निकाल्न सक्ने गरी संरचना तयार गरिएको छ । ३३ केभीका २ वटा फिडर जलेश्वर, १ वटा गौशाला र १ वटा जनकपुर क्षेत्रमा विद्युत् आपूर्तिका लागि प्रयोग गरिने छ । यसमध्ये जनकपुरतर्फको १ वटा फिडर निर्माण सम्पन्न गरी चालू गरिएको छ ।

लोहारपट्टी सबस्टेसन वरपरको क्षेत्रमा विद्युत् आपूर्तिका लागि ११ केभीका ४ वटा फिडर लाइन निकाल्न सक्ने व्यवस्था गरिएको छ । त्यसमध्ये २ वटा फिडर निर्माण सम्पन्न गरी सञ्चालनमा ल्याइएको छ । प्रसारण लाइन आयोजना करिब तीन वर्षअघि सुरु गरिएको थियो ।

## भंगहा नगरपालिकाको कामकाज ठप्प

**खबर दर्पण समाचारदाता**

**साउन ३१ गते, बर्दिवास**

महोत्तरी भंगहा नगरपालिकाका कर्मचारीले कार्यालयको कामकाज ठप्प पारेका छन् ।

कार्यालयमै कर्मचारीमाथि हातपात भएको विरोधमा उनीहरुले मंगलबारको काम ठप्प पारेर विरोध गरेका हुन् ।

नगरपालिकामा कार्यरत अधिकृत छैठौं तहका कर्मचारी सूर्य नारायण ठाकुरमाथि कार्यकक्षमै सोमबार वडानम्बर ९ का मुकेशकुमार यादवले हातपात गरेको भन्दै कर्मचारीहरु आन्दोलित भएका छन् ।

घटनाको छानबिन गरी दोषीमाथि कारबाही नहुन्जेलसम्म नगरपालिकाबाट प्रवाह हुने अत्यावश्यक बाहेकका सम्पूर्ण सेवा ठप्प पार्ने चेतावनी कर्मचारीको छ ।

आक्रमण गर्ने यादवमाथि कडा कारबाहीको माग गर्दै उनीहरूले नगरपालिकामा काम गर्ने वातावरण र सुरक्षाको प्रत्याभूति गराउनुपर्ने बताएका छन् ।

घटनाले राष्ट्रसेवक कर्मचारीहरूको जीउज्यानको असुरक्षाका साथै भयको वातावरणका कारण कार्यालयमा कामकाज गर्न असहज भएको उनीहरुको भनाइ छ ।



# अदुअ आयोग बर्दिवासलाई स्थानिय सरकारले प्रदान गर्ने भनिएको जग्गाको विषयमा सामुदायिक वनको आपत्ती

**खबर दर्पण समाचारदाता**
**साउन ३० गते, बर्दिवास**

अख्तियार दुरुपयोग अनुसन्धान आयोग बर्दिवासका कर्मचारीहरुको आवास प्रयोजनार्थ स्थानिय सरकारले प्रदान गर्ने भनिएको जग्गाको विषयमा सामुदायिक वनले आपत्ती जनाएको छ ।

वनको नक्साभित्र रहेको उक्त जग्गा आइतबार नगरप्रमुख प्रल्हाद कुमार क्षेत्रीले मालपोत कार्यालयलाई पठाएको पत्रलाई लिएर आपत्ती जनाएको हो ।

यस अघि आयोगले कार्यालयसगैं जोडिएको ६ कट्ठा जग्गालाई नापजाँच प्रक्रिया अगाडि बढाएपछी स्थानियहरु आन्दोलित भएका थिए ।


भवन तथा कार्यालय निर्माणार्थ १३ कट्ठा जमिन आयोगलाई हस्तान्तरण गरेको बर्दिवासले थप जमिन दिन नसकिने र उक्त जग्गा सामुदायिक हितको लागि प्रयोग गर्न पाउनुपर्ने स्थानियहरुले अडान राखेपछि उक्त जग्गा नगरले विकल्पकोरुपमा प्रस्तुत गरेको थियो ।

यहीं विषयलाई लिएर नेवारडाडा कामिडाडा सामुदायिक वनका अध्यक्ष सुदर्शन काफ्लेले एक विज्ञप्ति जारी गर्दै विभिन्न वहानामा सामुदायिक वन अतिक्रमण गर्न नमिल्ने वताउदै यस्को लागि ससक्त प्रतिवाद गर्ने चेतावनी समेत दिएका छन ।

वनको नापनक्साभित्र रहेको उक्त जग्गा अतिक्रमण गर्ने वहाना मात्र भएको वताउदै वन ऐनसगँ विपरित समेत हुने अध्यक्ष काफ्लेलेको भनाई छ ।

जिल्ला वन कार्यालय प्रमुख सन्तोष झाले उक्त जग्गा वनको नै मातहतमा रहेको वताउदै कुनैपनी प्रकारको सिफारिस आफुहरुवाट नहुने वताए ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोग आफै प्रणालीमा चल्ने सवैधानिक अंग हो । मलाई


नेवार डाँडा कामी डाँडा सा. व. ऊ. समूह
गौरीबास १/३ बर्दिबास महोत्तरी
स्थापना :- २०५३

पत्र स. ०१
च. न. ०१२/

मिति:- २०८१/४/३०

विषय जोर्सँग सम्बन्ध राख्दछ

बर्दिबास नगरपालिका वडा न १ र ३ को साध सिमाना नेवार डांडा कामी डांडा सामुदायिक वन उपभोक्ता समिति अन्तर्गत रहेको वन क्षेत्र विगतका वर्षहरूमा भूमाफियाहरूको कोपभाजनमा परी सागुरिँदै गएको कुरा आम उपभोक्ताहरूले महसुस गरेका छन्। ...

सुदर्शन काफ्ले
अध्यक्ष
नेवार डांडा कामी डांडा सामुदायिक ...

बर्दिबास नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बर्दिबास, महोत्तरी
स्थापना २०७३
मधेश प्रदेश

पत्र संख्या:- २०८०।०८१
चलानी नम्बर:- ३४५

श्री मालपोत कार्यलय बर्दिबास
महोत्तरी ।

मिति :२०८१/०४/२७

विषय : जग्गा भोगचलन सम्बन्धमा ।

त्यस कार्यालयको च.न.१६३७ मिति २०८०/१२/०२ को पत्रानुसार यस नगरपालिकाको वडा नं.०३ गौरीडाँडा स्थित अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालयको दक्षिण तर्फको साबिक २५ नं बहादुरगंज गौरीबास वडा नं ०१ को कित्ता नं ०१ को जग्गा मध्ये १२ कठ्ठा जग्गा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय बर्दिबास लाई उपभोग गर्न उपलब्ध गराउने विषयमा सो स्थानमा खुला मञ्च बनाउनुपर्ने भनि नगरवासीहरुमा व्यापक जनविरोध भई उपलब्ध गराउन असहज भएको हुँदा सोही कित्ता न.को जग्गा बाट उल्लेखित १२ कठ्ठा जग्गा उपलब्ध गराउन सिफारिस गर्न नसकिने अवस्था सृजना भएको छ । अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालयको दक्षिण पट्टी राष्ट्रिय विधिविज्ञान प्रयोगशालाको कार्यालय रहेको जग्गाको पछाडि पूर्वपट्टीको जग्गा सम्मानित आयोगको उपभोगका लागि सिफारिस गर्न सकिने व्यहोरा अनुरोध छ ।

प्रहलाद कुमार क्षेत्री
नगर प्रमुख

बोधार्थ
श्री अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, बर्दिबास ।
श्री जिल्ला प्रशासन कार्यालय, महोत्तरी ।
श्री नापी कार्यालय बर्दिवास, महोत्तरी ।

विस्वास छ यो जानिजानी वनको जग्गा हुदाहुदै आयोगलाई लिने भन्ने विषयमा हामी भन्दा पनि वँहाहरु सचेत हुनुहुन्छ ।' प्रमुख झाले भने ।म थप छलफल अगाडि वढाउने छु ।'


**मुटुरोग लगायतका स्वास्थ्य समस्याबाट बच्न:**

- चिल्लो तथा बोसोयुक्त खानेकुरा कम खाऔं।
- नियमित रुपमा शारीरिक व्यायाम गरौं।
- मोटोपन, कोलेस्ट्रोल, उच्च रक्तचाप, मधुमेहजस्ता समस्या भएका व्यक्तिले नियमित स्वास्थ्य परीक्षण गरौं।
- धुम्रपान र मद्यपान नगरौं।

**बर्दिवास नगरपालिका, महोत्तरी**



**मुटुरोग लगायतका स्वास्थ्य समस्याबाट बच्न:**

- चिल्लो तथा बोसोयुक्त खानेकुरा कम खाऔं।
- नियमित रुपमा शारीरिक व्यायाम गरौं।
- मोटोपन, कोलेस्ट्रोल, उच्च रक्तचाप, मधुमेहजस्ता समस्या भएका व्यक्तिले नियमित स्वास्थ्य परीक्षण गरौं।
- धुम्रपान र मद्यपान नगरौं।



**गौशला नगरपालिका, महोत्तरी**



**मुटुरोग लगायतका स्वास्थ्य समस्याबाट बच्न:**

- चिल्लो तथा बोसोयुक्त खानेकुरा कम खाऔं।
- नियमित रुपमा शारीरिक व्यायाम गरौं।
- मोटोपन, कोलेस्ट्रोल, उच्च रक्तचाप, मधुमेहजस्ता समस्या भएका व्यक्तिले नियमित स्वास्थ्य परीक्षण गरौं।
- धुम्रपान र मद्यपान नगरौं।



**लोहारपट्टी नगरपालिका, महोत्तरी**

**सुरक्षितरुपमा वैदेशिक रोजगारमा जाऔं**

- सीप सिकेर मात्र वैदेशिक रोजगारीमा जाऔं,
- आधिकारिक संस्थाबाट स्वास्थ्य परीक्षण र बीमा गराऔं,
- अनिवार्य रुपमा अभिमुखिकरण तालिम लिऔं,
- अनिवार्य रुपमा श्रम स्वीकृती लिऔं,
- कामदार भिसामा मात्र वैदेशिक रोजगारमा जाऔं,
- वैदेशिक रोजगारीमा जानुअघि घर-परिवारसँग सरसल्लाह गरौं,
- मानसिक रुपमा तयार होऔं र
- आफ्नो सबै कागजातको एकएक प्रति घर-परिवारलाई छोडौं।

**बलवा नगरपालिका, महोत्तरी**



**सुरक्षितरुपमा वैदेशिक रोजगारमा जाऔं**

- सीप सिकेर मात्र वैदेशिक रोजगारीमा जाऔं,
- आधिकारिक संस्थाबाट स्वास्थ्य परीक्षण र बीमा गराऔं,
- अनिवार्य रुपमा अभिमुखिकरण तालिम लिऔं,
- अनिवार्य रुपमा श्रम स्वीकृती लिऔं,
- कामदार भिसामा मात्र वैदेशिक रोजगारमा जाऔं,
- वैदेशिक रोजगारीमा जानुअघि घर-परिवारसँग सरसल्लाह गरौं,
- मानसिक रुपमा तयार होऔं र
- आफ्नो सबै कागजातको एकएक प्रति घर-परिवारलाई छोडौं।



**रामगोपालपुर नगरपालिका, महोत्तरी**



**मुटुरोग लगायतका स्वास्थ्य समस्याबाट बच्न:**

- चिल्लो तथा बोसोयुक्त खानेकुरा कम खाऔं।
- नियमित रुपमा शारीरिक व्यायाम गरौं।
- मोटोपन, कोलेस्ट्रोल, उच्च रक्तचाप, मधुमेहजस्ता समस्या भएका व्यक्तिले नियमित स्वास्थ्य परीक्षण गरौं।
- धुम्रपान र मद्यपान नगरौं।



**औरही नगरपालिका, महोत्तरी**



# बिपि राजमार्गमा बलेरो दुर्घटना ३ जनाको मृत्यु

**खबर दर्पण समाचारदाता**

**साउन ३१ गते, सिन्धुली**

विपी राजमार्गमा बलेरो दुर्घटना हुदा ३ जनाको मृत्यु भएको छ ।बिपि राजमार्ग अन्तर्गत सिन्धुली खुर्कोट खण्डको कनपा २ चियावारी नजिकै डबल क्याप बोलेरो दुर्घटना हुँदा ३ जनाको मृत्यु भएको छ भने ११ जना घाईते भएका छन ।

गोलञ्जोर गाउँपालिका वडा नं ६ नाकाजोलीबाट सिन्धुलीमाढी आउँदै गरेको वा२०च८२८३ नम्बरको बोलेरो अनियन्त्रित भई सडकमै पल्टेको स्थानियले जनाएका छन बोलेरोमा सवार गोलञ्जोर गाउपालिका वडा नम्बर ६ का वडा सदस्य उदय मर्स्यांगी मगर र सोहि ठाउँका पृथ्वी भुजेलको घटनास्थलमै मृत्यु भएको हो भने सोहि ठाउँका पवन मर्स्याङगीको उपचारका क्रममा सिन्धुली अस्पतालमा मृत्यु भएको छ। घाईतेमध्ये २ जनाको अवस्था गम्भिर रहेको छ। पाँच जनाको अवस्था मध्यम र अन्य ४ जनाको अवस्था सामान्य रहेको जिल्ला प्रहरी कार्यालय सिन्धुलीले जनाएको छ ।



गम्भिर घाईते दुई जनालाई सिन्धुली अस्पतालमा प्रारम्भिक उपचार पछि थप उपचारका लागि धुलिखेल अस्पताल रिफर गरिएको छ। अन्य घाईतेहरुको सिन्धुली अस्पतालमा उपचार भईरहेको छ । गम्भिर घाईते हुनेमा गाडी चालक टिकाजंग राई र हिमाल परियारलाई धुलिखेल रिफर गरिएको जिल्ला प्रहरी कार्यालय सिन्धुलीका प्रमुख एसपी गोविन्दराज काफ्लेले जानकारी दिनुभयो ।

दुर्घटनामा परि घाईते हुनेहरुमा गोलञ्जोर गाउँपालिका ६ का उदय लुंगेली मगर, मेनुका मगर , जिना श्रेष्ठ, धनमाया वाईवा, लिला मगर, समिना मगर, बन्दना कोईराला, राजन प्रसाद कोईराला र कमलामाई नगर पालिका वडा नं ५ की डम्बर कुमारी कार्की रहेको एसपी काफ्लेले जानकारी दिनुभयो


**मुटुरोग लगायतका स्वास्थ्य समस्याबाट बच्न:**

- चिल्लो तथा बोसोयुक्त खानेकुरा कम खाऔं।
- नियमित रुपमा शारीरिक व्यायाम गरौं।
- मोटोपन, कोलेस्ट्रोल, उच्च रक्तचाप, मधुमेहजस्ता समस्या भएका व्यक्तिले नियमित स्वास्थ्य परीक्षण गरौं।
- धुम्रपान र मद्यपान नगरौं।

**जलेश्वर नगरपालिका, महोत्तरी**

**हावाहुरीबाट जोगिने उपायहरु**

- घरको संरचना बलियो बनाऔं,
- हावाहुरी चल्न थालेपछि झ्यालढोका थुनौं,
- छानालाई राम्ररी हुक तथा तारले कसेर बाधौं,
- छतका गमला सुरक्षित रुपमा राखौं,
- जस्तापातालगायतका वस्तुहरु खुला र जथाभावी नछोडौं,
- हावाहुरी चलेमा भागदौड नगरौं, बिस्तारै सुरक्षित स्थानमा जाऔं,
- सुरक्षित ओत नभेटे थुचुक्क बसेर दुवै हातले टाउको छोपी घोप्टो परौं,
- हावाहुरी चलेको समयमा सवारी साधन रोकेर सुरक्षित स्थानमा बसौं।

हावाहुरीबाट हुने क्षति कम गर्न पूर्व तयारी एवं सतर्कता अपनाऔं।

**मटिहानी नगरपालिका, महोत्तरी**

**डढेलोबाट बचौं र बचाऔं ।**

- सलाई, लाईटरजस्ता प्रज्वलनशील वस्तु बालबालिकाले भेट्ने ठाउँमा नराखौं,
- जंगलमा सलाई तथा लाईटरको प्रयोग नगरौं र गर्नै पर्ने भए सावधानीपूर्वक प्रयोग गरी राम्रोसँग निभाऔं,
- सानो असावधानीले जंगलमात्र होईन आसपासका बस्तीसमेत उजाड हुन सक्छन्,
- जन, धन र वनको संरक्षण गरौं,

सचेत बनौं, डढेलोबाट आफू पनि बचौं र अरुलाई पनि बचाऔं।

**पीपरा गाउँपालिका, महोत्तरी**



**मुटुरोग लगायतका स्वास्थ्य समस्याबाट बच्न:**

- चिल्लो तथा बोसोयुक्त खानेकुरा कम खाऔं।
- नियमित रुपमा शारीरिक व्यायाम गरौं।
- मोटोपन, कोलेस्ट्रोल, उच्च रक्तचाप, मधुमेहजस्ता समस्या भएका व्यक्तिले नियमित स्वास्थ्य परीक्षण गरौं।
- धुम्रपान र मद्यपान नगरौं।



**महोत्तरी गाउँपालिका, महोत्तरी**

**हावाहुरी र आगलगीबाट बचौं**

सुख्खा र तातो मौसम चढे लगत्तै हावाहुरीको सम्भावना अधिक भएकोले जथाभावी आगो नबालौं।

बालबालिकाहरुलाई सलाई, लाईटर वा घुँरको आगोबाट टाढा राखौं।

फागुनदेखि बैशाखसम्म सुख्खा मौसम पश्चिमी वायु चल्दा सुख्खापनले आगो लाग्ने सम्भावना अधिक हुन्छ, आगो बालेर नछाडौं।

घरको छाना, घर लगत्तै अधिक मात्रामा सुख्खा दाउरा नराखौं, दाउरा राखेपनि आगोबाट अधिक टाढा राखौं।

माथिल्लो छतहरुमा राखिएको फूलको गमलाहरु हावाहुरीमा सुरक्षित राखौं।

सवारी साधन चलाउने बेलामा हावाहुरी आउँदा रोकेर बसौं।

**सम्सी गाउँपालिका, महोत्तरी**

**जानकी एकेडेमीक हस्पिटल प्रा.लि.**

Hot line number
९८५४०२१३९५, ९७४८४५७४९०

**रामगोपालपुर-९ पर्सा देवाड (महोत्तरी)**

**प्रदेश नं. २ मै पहिलो पटक विभागिय विशेषज्ञ डाक्टरहरुद्धारा विरामीहरुको उपचार २४ सै धण्टा सेवा उपलब्ध गराउने पहिलो संस्था जानकी एकेडेमिक हस्पिटल प्रा.लि आफनो सम्पूर्ण सेवाहरु सुरु गरिसकेको सहर्ष जानकारी गराउदछौ ।**

- सम्पूर्ण इमरजेन्सी अप्रेशनहरु २४ औ घण्टा
- दैनिक OPD सेवा ९ देखि ४ बजे सम्म
- चोटपटक तथा दर्घटनामा परी हाडहरु भाचिएकाहरुलाई C-Arm मेशिनद्धारा
- अत्याधुनिक तरिकाले प्लाष्टर गर्नुको साथै विना ठूलो चिरफार गरी अप्रेशन
- अति शिकिस्त नवजात शिशुहरुको लागि NICU व्यवस्था

स्नायु तथा मानसिक रोग र नाक, कान तथा घाँटीको रोग प्रत्येक महिनाको पहिलो हप्ता

- २४ सै घण्टा नर्मल डेलिभरी , आवश्यक अनुसार LSCS अप्रेशनको सुबिधा ।
- पाठेघर सम्बन्धी हरेक समस्याको उपचार गर्नुको साथै अत्याधुनिक मेशिनद्धारा अप्रेशन सुबिधा ।
- पेट भित्र बच्चाको अवस्था जाँच्न CTG को व्यवस्था ।

# जनसंख्याको आधारमा क्षेत्र र सांसद मात्र होइन, मन्त्री पनि हुनुपर्दछ : पुर्वमन्त्री यादव

**खबर दर्पण समाचारदाता**
**साउन ३० गते, जनकपुरधाम**



नेपाली कांग्रेसका सहमहामन्त्री महेन्द्र यादवले विकासको समुचित प्रवाहका लागि जनसंख्याको आधारमा निर्वाचन क्षेत्र र सांसद सहि भए जस्तै मन्त्री पनि सोहि अनुसार हुनुपर्ने बताएका छन् ।

जनकपुरधाममा भारतको ७८ औं स्वतन्त्रता दिवसको अवसर मा नेपाल भारत मैत्री युवा संघ धनुषाले आयोजना गरेको भारतको स्वतन्त्रता आन्दोलनमा नेपाली नेताहरुको भुमिका विषयक विचार गोष्ठीलाई सम्बोधन गर्दै यादवले भने, '१५ लाख जनसंख्या भएको कर्णाली र ६१ लख जनसंख्या भएको मधेशमा एकैनाशको मन्त्री मण्डल हुनुपर्दछ भन्नु मुर्खता हो ।'

मधेशी नेताहरु जनसंख्याको आधारमा निर्वाचन क्षेत्र र प्रतिनिधित्व हुनुपर्छ भन्ने कुरा जोडदार रुपमा उठाउँछ तर पहाडी नेता र राज्य सञ्चालकलाई खुसी पार्न जनसंख्याको आधारमा मन्त्री मण्डल पनि मधेशमा सोहि अनुसार हुनपर्छ भनेर भन्न सक्दैन, उनले भने ।

मधेशमा संविधानको मर्म र परिधी भित्रै रहेर विस्तार भएको मन्त्री परिषदको बचाउमा मधेशी नेताहरु नबोलेर हार मानेको जस्तो गर्नु शासकलाई खुसी पार्ने काम मात्र भएको उनको दावी छ । उनले पुनः मन्त्री परिषद विस्तार गर्न मुख्यमन्त्रीलाई आग्रह समेत गरे ।

पुर्वमन्त्री समेत रहेका यादवले कांग्रेस र एमालेको वर्तमान सरकार निर्वाचन सम्म चल्ने भन्दै ओली पछि सभापति शेरबहादुर देउवाको नेतृत्वमा सरकार बन्ने बताए । देशको कुनै पनि क्षेत्र र निकाय समावेशी हुनुपर्ने बताए ।


## मुटुरोग लगायतका स्वास्थ्य समस्याबाट बच्न:

- चिल्लो तथा बोसोयुक्त खानेकुरा कम खाऔं ।
- नियमित रुपमा शारीरिक व्यायाम गरौं ।
- मोटोपन, कोलेस्ट्रोल, उच्च रक्तचाप, मधुमेहजस्ता समस्या भएका व्यक्तिले नियमित स्वास्थ्य परीक्षण गरौं ।
- धुम्रपान र मद्यपान नगरौं ।

**मनरा सिस्वा नगरपालिका, महोत्तरी**

## सुरक्षितरुपमा वैदेशिक रोजगारमा जाऔं

- सीप सिकेर मात्र वैदेशिक रोजगारीमा जाऔं,
- आधिकारिक संस्थाबाट स्वास्थ्य परीक्षण र बीमा गराऔं,
- अनिवार्य रुपमा अभिमुखिकरण तालिम लिऔं,
- अनिवार्य रुपमा श्रम स्वीकृती लिऔं,
- कामदार भिसामा मात्र वैदेशिक रोजगारमा जाऔं,
- वैदेशिक रोजगारीमा जानुअघि घर-परिवारसँग सरसल्लाह गरौं,
- मानसिक रुपमा तयार होऔं र
- आफ्नो सबै कागजातको एकएक प्रति घर-परिवारलाई छोडौं ।

**भंगहा नगरपालिका, महोत्तरी**

## सुरक्षितरुपमा वैदेशिक रोजगारमा जाऔं

- सीप सिकेर मात्र वैदेशिक रोजगारीमा जाऔं,
- आधिकारिक संस्थाबाट स्वास्थ्य परीक्षण र बीमा गराऔं,
- अनिवार्य रुपमा अभिमुखिकरण तालिम लिऔं,
- अनिवार्य रुपमा श्रम स्वीकृती लिऔं,
- कामदार भिसामा मात्र वैदेशिक रोजगारमा जाऔं,
- वैदेशिक रोजगारीमा जानुअघि घर-परिवारसँग सरसल्लाह गरौं,
- मानसिक रुपमा तयार होऔं र
- आफ्नो सबै कागजातको एकएक प्रति घर-परिवारलाई छोडौं ।

**एकडारा गाउँपालिका, महोत्तरी**

## मुटुरोग लगायतका स्वास्थ्य समस्याबाट बच्न:

- चिल्लो तथा बोसोयुक्त खानेकुरा कम खाऔं ।
- नियमित रुपमा शारीरिक व्यायाम गरौं ।
- मोटोपन, कोलेस्ट्रोल, उच्च रक्तचाप, मधुमेहजस्ता समस्या भएका व्यक्तिले नियमित स्वास्थ्य परीक्षण गरौं ।
- धुम्रपान र मद्यपान नगरौं ।


**सोनमा गाउँपालिका, महोत्तरी**

सस्तो सुलभ र गुणस्तरीय छपाइको लागि अवश्य सम्झनु होस् ।

# शिरीष अफसेट प्रेस

बर्दिवास नगरपालिका-१ राष्ट्रिय वाणिज्य बैंक नजिकै), महोत्तरी

- पत्रिका
- क्यालेण्डर
- रजिष्टर, डाइरी
- किताब
- परीक्षा कपी
- पर्चा पम्पलेट
- बिल, भाउचर,



- स्क्रिन प्रिन्ट
- विवाह कार्ड
- प्रमाण पत्र
- भिजिटिङ्ग कार्ड
- झोला प्रिन्ट
- रबर स्टाम्प




- फ्लेक्स प्रिन्ट
- ब्यानर प्रिन्ट
- होर्डिङ्ग बोर्ड
- स्टिकर
- फाइल



साथै होम डेलिभरीको सुविधा छ ।

सम्पर्क नम्बर: ९८४४०२५१८४, ९८०७६७५१२५, ९८१५८८९६८२


खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) कार्यकारी सम्पादक : विशाल बस्नेत (९८६३६३२९८९)
उप-सम्पादक : धर्वेन्द्र कुमार यादव'यदुवंशी' (९८५४०२९०५३) E -mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा  मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा,